CIVIC ACTION TEAMS


Coronavirus CivActs Campaign presents

# FAIR FACTS

अंक

११६

१२।०४।२०७८



कोरोना विरुद्धको खोप अभियानमा खोप लिँदै एक महिला । अहिले भेरोसेल र जोन्सन एण्ड जोन्सन खोप लक्षित समुहलाई प्रदान गरिदैछ ।

*तस्विर: नारायणी सिग्देल*



निषेधाज्ञा खुकुलो भएसँगै संक्रमितको संख्या बढ्दै । स्वास्थ्य मापदण्ड पालना नगरे तेस्रो लहर आउनसक्ने चेतावनी ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र


**खोप लगाउने बित्तिकै पूर्ण रुपमा जोखिम हट्ने हो ?**

खोप लगाएको १४ दिनसम्म खोपले काम गर्दैन, १४ दिनपछिमात्र यसले आफ्नो असर देखाउन थाल्दछ ।

**के अन्तर्राष्ट्रिय समुदायहरुले नेपाललाई कोभिड विरुद्ध लडन सक्दो मद्दत गरिरहेका छन् ?**

आर्थिक वर्ष २०७७/७८ मा नेपालले विभिन्न संगठनहरु संग द्विपक्षीय तथा बहुपक्षीय गरी कुल १६ खर्ब ७० अर्बको सम्झौता गर्यो ।

**आफ्नो परिवारको माया मारेर अरुको सेवामा खटिने स्वास्थ्यकर्मी**

एक्कै पटक भएपनि छोरीलाई भेट्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो, तर एउटा स्वास्थ्यकर्मी भैसकेपछि यति कमजोर हुनुहुदैन भन्ने उनलाई लाग्यो ।

# फ्याक्ट सिट

## के अन्तराष्ट्रिय समुदायहरुले नेपाललाई कोभिड-१९ विरुद्ध लड्न सक्दो मद्दत गरिरहेका छन ?

**विश्व बैंक**
निम्न आय भएका कोभिड प्रभावित जनसंख्याको उत्थान तथा सुरक्षा र दिगो विकास लक्ष्यहरु
**१७ अर्ब ७८ करोड** (ऋण)

**जर्मनी सरकार**
आपतकालीन कोभिड -१९ सहयोग कार्यक्रम
**१ अर्ब ५४ करोड** (अनुदान)

**विश्व बैंक**
ग्रामीण उद्यम र आर्थिक विकास परियोजना
**९ अर्ब ३० करोड** (ऋण र अनुदान)

**विश्व बैंक**
वितिय क्षेत्रको वृद्धिका लागि नियमनकारी प्रावधान
**२४ अर्ब** (ऋण र अनुदान)

कोभिड-१९ आपतकालिन तथा स्वास्थ्य प्रणाली व्यवस्थापन परियोजना
**७ अर्ब ५० करोड** (ऋण)

**आई एफ ए डी**
निजि लगानी मार्फत कोभीड-१९ रिकभरीमा सहयोग
**५० करोड** (अनुदान)

आर्थिक वर्ष २०७७/७८ मा नेपालले विभिन्न संगठनहरु संग द्विपक्षीय तथा बहुपक्षीय गरी कुल १६ खर्ब ७० अर्बको सम्झौता गर्यो । यस मध्ये, ३.३८% मात्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कोभिड महामारीका लागि विनियोजन भयो । करिब २५ अर्ब ऋणको रुपमा प्राप्त भएको थियो भने १ अर्ब ५९ करोड आनुदनका रुपमा प्राप्त भएको थियो । यसबाहेक, अर्को ३३ अर्ब ऋण र आनुदनका रुपमा प्राप्त भएको थियो । समग्रमा, आर्थिक वर्ष २०७७/७८ मा हस्ताक्षर गरिएको कुल विदेशी कोष सम्झौताको केवल २.६% मात्र अनुदान हो । के अन्तराष्ट्रिय समुदायले विकासउन्मुख देशहरु कोभिड-१९को प्रतिकार्यलाइ सक्षम छन् भन्ने सुनिश्चित गर्न अझै योगदान गर्न सक्छन् ?

स्रोत: https://new.mof.gov.np/uploads/document/file/Commitments-2021_20210425081847.pdf

# हल्ला र तथ्य

बाहिर देश तिर त खोप लगाईसकेपछि मास्क लगाउनु पर्दैन भन्ने समाचार सुन्नमा आउँछन् । वास्तवमै खोप लगाउने वित्तिकै पूर्ण रुपमा जोखिम हट्ने हो ?

होईन । विश्व स्वास्थ्य संगठनका अनुसार, एउटै मात्रा मात्र लगाउनुपर्ने खोपको सनदर्भमा खोप लगाएको १४ दिनसम्म खोपले काम गर्दैन, १४ दिनपछिमात्र यसले आफ्नो असर देखाउन थाल्दछ । दुई मात्रा लगाउनुपर्ने खोपको सन्दर्भमा भने यसले क्षमता अनुसार काम गर्न दुबै मात्रा खोप लगाईसकेको हुनुपर्दछ । खोपले जोखिम हुनबाट धेरै जोगाए पनि पूर्ण रुपमा सुरक्षित हुने सुनिश्चितता हुँदैन । त्यसैले स्वास्थ्य मापदण्ड पालना गर्नु नै उपयुक्त हुन्छ ।

Source: https://cutt.ly/vm48oQd

कोभिड - १९ विरुद्धको खोपले १० महिना मात्र काम गर्छ रे । के १० महिनापछि फेरी खोप लगाउनुपर्छ ?

कोभिड - १९ विरुद्धको खोपको विकास भएको धेरै समय भएको छैन । विश्व स्वास्थ्य संगठनका अनुसार, एक पटक कोभिड - १९ विरुद्धको खोप लगाईसकेपछि यसको प्रभाव कति लामो समयसम्म रहन्छ भन्ने विषयमा अध्ययन जारी छ । अहिले नै यसको प्रभाव कती रहने भनेर यकिन भन्न सकने अवस्था छैन । तर, अहिले सम्म उपलब्ध खोपहरु कोभिड - १९ विरुद्ध प्रभावकारी नै देखिएकाछन् ।

Source: https://cutt.ly/Nm49ros

वैदेशिक रोजगारीमा जाने व्यक्तिले खोप लगाईसकेपछि फेरी प्रमाणिकरण गर्नुपर्छ रे । कहाँ गर्ने हो प्रमाणिकरण ?

वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई उनिहरु जाने देशमा मान्यता दिएका खोप नेपालमा उपलब्ध भएको अवस्थामा खोपको प्राथमिकतामा राखिएको छ । तर, विदेश जाने प्रयोजनको लागि खोप लगाईएको हो भने खोप कार्ड भएर मात्र पुग्दैन । यसको लागि खोप कार्ड प्रमाणिकरण गर्नुपर्दछ । प्रमाणिकरण गर्नको लागि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु, निजामती अस्पताल, बानेश्वर, पाटन अस्पताल, पाटन र सशस्त्र प्रहरी अस्पताल बलम्बुलाई तोकिएको छ ।

Source: https://cutt.ly/Fm41A27

# कोभिड - १९ खोपको माग सम्बन्धी नागरिक विरोध

माघ २०७७



२६
घटना दर्ता

असार २०७८





श्रावण १०, २०७८ सम्म
**कोभिड** विरुद्ध खोपको
**६,५८२, ५८०** मात्रा प्राप्त भयो

श्रावण १०, २०७८ सम्म
**१,३९८,१७८** मानिसले
**पूर्ण खोप लगाए**

**कोभिड - १९ खोपको ७,४००,०००** डोज
भविष्यमा प्राप्त हुने निश्चित भएको छ

*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।*

नेपालमा पहिलो चरणको कोभिड-१९ खोप माघ ८, २०७८ मा आइपुग्यो । त्यसको लगत्तै, निष्पक्ष खोप वितरण र व्यवस्थापनका लागि माग गर्दै विरोधहरु सुरु भए । सरकारले जोखीमका आधारमा खोप वितरणका लागी विभिन्न चरणहरु निर्माण गर्यो तर बिस्तारै कृपावादका कारण ति नियमहरु प्रभावकारी हुन सकेनन् । काठमाडौंमा खोप निष्पक्ष रुपमा वितरण नभएको हल्लाहरु बाहिर आउँदा, विरोधहरुले झनै ठुलो रुप लिए । मानव सम्पर्कमा धेरै आउनुपर्ने क्षेत्रका व्यक्तिहरु जस्तै पर्यटन, शिक्षा, सेवा एजेन्सीहरु आदि पनि खोपको मागमा सडकमा उत्रिएका छन् । अहिले काठमाडौं महानगरपालिकाले १८ वर्ष भन्दा माथिका सबैलाई खोप दिरहेको छ । कुनै नियमबिना प्राथमिकतामा रहेका समूहले अझै पनि खोप नपाउन सक्छन, परिणामस्वरुप नेपाललाई कोभिड नियन्त्रण गर्न सहज हुदैन । के सरकारले फेरि खोपका लागि नियमहरु लागू गर्नु पर्छ ? कि अहिले भैरहेको "पहिला आउनेलाई पहिलो प्राथमिकता" दिने व्यवस्था नै राम्रो विकल्प हो ?

Source: https://nepalmonitor.org/

## कुवेत रेड क्रिसेन्ट सोसाइटिबाट कोभिड - १९ विरुद्ध लड्न नेपाल सरकारलाई स्वास्थ्य उपकरणको सहयोग

### कुवेतः

- नेपाली राजदूतावासको पहलमा कुवेत रेड क्रिसेन्ट सोसाइटिले कोभिड - १९ विरुद्ध लड्न जुलाइ २३ मा नेपाल सरकारलाई स्वास्थ्य उपकरण प्रदान
- कुवेतमा निरविरोध रुपमा रानाध्वज लामा एन आर एन एनसीसीको अध्यक्ष चुनिए
- इदको तेस्रो दिन पारेर ४५०० आप्रवासीहरुलाइ सम्बन्धित मुलूकमा डिपोर्ट गरियो

### कतारः




- कतारमा ३६७ जना मास्क नलगाएकाले, ७७ जना सामाजीक दुरी कायम नगरेकाले र २ जना ETERAZ app प्रयोग नगरेकाले पक्राउ परेका छन् । उनीहरुलाइ कानुन उलङघन गरेकोमा बढीमा ३ वर्षसम्मको जेल वा २ लाख रीयाल जरिवाना हुने सम्भावना।
- हमाद विमानस्थलले छोटो अवधिको पार्किङ शुक्रबार,शनिबार र आइतबार राति देखि बिहान ७:३० बजे सम्म निशुल्क गर्ने

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## आफ्नो परिवारको माया मारेर अरुको सेवामा खटिने स्वास्थ्यकर्मी

सुनीता राना एक नर्स हुन् । उनी सेती प्रादेशिक अस्पतालमा कार्यरत छिन । उनकी ३ वर्षकी छोरी पनि छिन् । उनका श्रीमान कामको शिलशिलामा काठमाण्डौंमा बस्दै आईरहेका छन् । उनले छोरीलाई माईतिको जिम्मामा छोडथिन् । उनी भने दिनरात बिरामीहरुकै सेवामा खटिरहन्छिन् । सुरक्षा मापदण्ड त अपनाएकी थिईन तर, दशैं आउनु भन्दा केही दिन पहिले उनमा पनि कोरोना संक्रमण देखियो । एकातिर छोरी, अर्को तिर बिरामी अनि आफु एक्लै बस्नुपर्दा उनलाई निकै कठिन भयो । केही दिन होम आईसोलेशनमा बसे पश्चात उनी संक्रमण मुक्त भईन् ।

महिनौ दिन सम्म पनि छोरीलाई भेट्न नपाउँदाको छटपटी उनीमा थियो । एक्कै पटक भएपनि छोरीलाई भेट्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो, तर एउटा स्वास्थ्यकर्मी भैसकेपछि यति कमजोर हुनुहुदैन भनेर उनी फेरी नियमित बिरामीको सेवामा खटिइन् । सबैलाई अब त कोरोना सकिएको हो जस्तो लागेको थियो । तर, पुनः त्यहि समयमा कोरोनाको दोस्रो लहर आगो झैं फैलियो । जतातजै संक्रमणको दर फैलिरहेको थियो र मृत्युदर पनि त्यसरी नै बढ्दै गईरहेको थियो । यस पटक भने उनले आफ्नो कारणले परिवार पनि जोखिममा नपरोस भनेर छोरीलाई श्रीमानसँगै काठमाण्डौं पठाईन् ।





यस पाली पनि यो कोरोनाले उनको परिवारलाई छोडेन । उनका श्रीमान कोरोना संक्रमित हुन पुगे । अस्पतालमा एकैदिन ४/५ जना बिरामीको मृत्यु उनले आफ्नै आखाँ अगाडी देखेकी थिईन् । तर उनले यस पटक पनि श्रीमानलाई भेट्न जान पाईनन् । भाग्यवस् उनका श्रीमान पनि संक्रमण मुक्त भए । उनी भने, निरन्तर बिरामीको सेवामा खटिरहेकीछिन् ।

> **सुनिता जस्ता स्वास्थ्यकर्मी अरुको ज्यान जोगाउन परिवारको माया मारेर नागरिकको सेवामा खटिएकाछन् भने, हामीले त आफ्नो सुरक्षा गरे मात्र पुग्छ । हामी किन जिम्मेवार नबन्ने ?**

# भोइसेस आउट लाउड - मेरो कुरा

कोरोना महामारिको दोस्रो लहर आउँदा पनि अवस्था पहिलो लहर जस्तै भयो, किनभने हाम्रो तयारी पनि केहि थिएन । हामीले दोस्रो लहर आउँछ भनेर सोचेका पनि थिएनौं । दोस्रो लहरमा सहकर्मि मध्ये सबै भन्दा पहिले मलाई नै कोरोना पोजेटिभ देखियो । अस्पतालमा स्वास्थ्यकर्मिको अभाव थियो । त्यसैले मसंक्रमित हुदाँ पनि अन्य संक्रमित बिरामिको उपचारमा खटिएँ । त्यसले आफैलाई र बिरामीलाई पनि हौसला दियो । फेरि तेस्रो लहर आउँछ भन्ने हल्ला छ । त्यसैले हामी सबैले आ-आफ्नो ठाँउबाट तयारी अवस्थामा रहन जरुरी छ ।

## यलिशा खड्का

स्टाफ नर्स,
भेरी अस्पताल





## शंकर बास्तोला

वडा अध्यक्ष,
पोखरा महानगरपालिका वडा नं. ४

कहिलेकाहीँ तिन वटा तहहरुको नीति नियम मेल नखाएको हो कि जस्तो लाग्छ । काम गर्न संघिय सरकारले प्रदेशलाई, प्रदेशले स्थानीयलाई र स्थानीय सरकारले वडा लाई जिम्मा दिनुपर्ने हो । तर संघिय सरकार र स्थानीय सरकार आफ्नो आफ्नो तरिकाले चल्दा वडालाई चलाएमान बनाउन सकेका छैनन् । जसले गर्दा स्रोतसाधन अपुग भएको छ । अहिलेको अवस्थामा विकास निर्माण भन्दा स्वास्थ्यसँग सम्बन्धित कामलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । अहिलेको महामारी कति समय लम्बिने हो भन्ने यकिन नभएकोले सबै तहले समन्वय गरेर अगाडि बढ्नुपर्ने देखिन्छ ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही  निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणलीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219